अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)


# स्थानीय राजपत्र

बराहताल गाउँकार्यपालिकाद्वारा प्रकाशित

खण्डः ३, संख्याः ६ मितिः २०७७/१२/०६


भाग-१

बराहताल गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम बराहताल गाँउपालिकाको गाँउसभाले पारित गरेको तल लेखिए बमोजिमको **बराहताल गाउँपालिकाको खानेपानी व्यवस्थापन ऐन, २०७७**सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# बराहताल गाउँपालिकाको खानेपानी व्यवस्थापन ऐन, २०७७

**प्रस्तावनाः**

नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकको उपधारा ४ ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच हुने अधिकार प्रत्याभुत गरेको छ । साथै सन् २०३० सम्ममा दिगो विकास लक्ष्य (लक्ष्य नं. ६) मा सबैको निम्ति खानेपानी र सरसफाइको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने राष्ट्रिय तथा देशव्यापी लक्ष्य रहेको छ । सो लक्ष्य हासिल गर्न र गाउँपालिकाको विकासमा सकारात्मक परिवर्तन ल्याउनुका साथै जनस्वास्थ्यमा अपेक्षित सुधार ल्याउनु पनि मुख्य उद्देश्य रहेको छ । यि उद्देश्यहरु

प्राप्त गर्नका लागि सुरक्षित खानेपानी, उचित सरसफाइ तथा स्वच्छताका सेवाहरुको उपलब्धता, पर्याप्तता, सुनिश्चितता तथा सुलभ रुपमा पहुँच बढाउनु यसका आधारभुत आवश्यकताहरु हुन् ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४, परिच्छेद ३ को दफा २ उपदफा “झ” मा आधारभूत स्वास्थ्य र सरसफाइ अर्न्तगत “ध” मा स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन बनाइ खानेपानी महशुल निर्धारण र खानेपानी व्यवस्थापन गर्न वाञ्छनिय भएकोले बराहताल गाँउपालिकाले बराहताल गाउँपालिकाको खानेपानी व्यवस्थापन ऐन, २०७७ जारी गरेको छ ।

# परिच्छेद १
# संक्षिप्त नाम र प्रारम्भ

**१. यो ऐनको नाम:**बराहताल गाँउपालिकाको खानेपानी व्यवस्थापन ऐन, २०७७ रहनेछ ।

**२यो ऐन गाउँपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।.**

**३. परिभाषा :**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **“ऐन”** भन्नाले बराहतालमा गाउँपालिका खानेपानी व्यवस्थापन ऐन, २०७७ सम्झनु पर्छ ।

(ख) **“खानेपानी”** भन्नाले घरेलु तथा औद्योगिक प्रयोजनका लागि आपूर्ति गरिने पानी सम्झनुपर्छ

।

(ग) **“पानी आपूर्ति कर्ता”** भन्नाले यस ऐन बमोजिम उपभोक्तालाई खानेपानी आपूर्ति गर्ने उपभोक्ता समिति वा अनुमतिपत्र प्राप्त समिति सम्झनु पर्छ ।

(घ) **“उपभोक्ता”** भन्नाले पानी आपूर्तिकर्ताले उपलब्ध गराएको सेवा उपभोग गर्ने व्यक्ति वा निकाय सम्झनु पर्छ ।

(ङ) **“लाभदायक उपयोग”** भन्नाले उपलब्ध साधन र स्रोतले भ्याएसम्म उचित रूपले गरिएको खानेपानीको उपयोग सम्झनुपर्छ ।

(च) **“खानेपानी संकलित”** क्षेत्र (Catchment Area)भन्नाले पानीको प्राकृतिक स्रोत स्थलमा जस्तैः मुल वा मुहान, पोखरी ,धाप वा ताल, सिमसार, खोला, कुवा, ढुङ्गेधारा र जलाधार क्षेत्रमा पानी जम्मा हुने स्थललाई सम्झनु पर्छ ।

(छ) **“मुहान वा स्रोत”** भन्नाले भू-सतह वा भूमिगत रुपमा रहेको प्राकृतिक पानीको स्रोत वा मुहान सम्झनु पर्छ ।

(झ) **“सेवा”** भन्नाले पानी आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराएको खानेपानी सेवा सम्झनु पर्छ ।

(ञ) **“सेवा प्रणाली”** भन्नाले खानेपानी वा सरसफाइ सेवा प्रदान गर्ने सेवा प्रदायकलाई दिइएको अनुमति पत्र सम्झनु पर्छ ।

ट) **“सेवा शुल्क”** भन्नाले सेवा उपभोग गरे वापत उपभोक्ताले पानी आपूर्तिकर्तालाई बुझाउनु पर्ने महसुल वा सेवा शुल्क सम्झनु पर्छ र सो शब्दले विलम्ब शुल्क समेतलाई जनाउँछ ।

(ठ) **"संरचना"** भन्नाले स्रोतबाट खानेपानी जम्मा गर्न, नियन्त्रण गर्न, शुद्धिकरण गर्न वा वितरण गर्न बनाइएको जलाशय र सो जलाशयमा जल जम्मा हुन आउने क्षेत्र सम्झनु पर्छ र सो शब्दले त्यस्तै उद्देश्यले बनाइएको पानी ट्याङ्की, फिल्टर ट्याङ्की, पाइप लाइन, निकाश, धारा वा त्यस्तै प्रकारका अन्य संरचनालाई समेत जनाउँछ ।

(ड) **"अनुमति पत्र"** भन्नाले सेवा सञ्चालन तथा व्यवस्थापन गर्न सेवा प्रदायकलाई गाउँ पालिकाबाट दिइएको अनुमति पत्र सम्झनु पर्छ ।

(ढ) **"सामान्य मर्मत"** भन्नाले संरचनाबाट हुने खानेपानीको चुहावट रोकथाम गर्ने, जमिनमा गाडिएका पाइपहरु सतहमा देखिएमा पुर्ने, संरचनाको सरसफाइ गर्ने, इन्टेक, जलाशय, च्याम्वर, धारा आदि बिग्रिएमा जिर्णोद्धार गर्ने तथा धाराको टुटी, भल्भ आदि फेर्ने कार्य सम्झनु पर्छ ।

(ण) **"ठूलो मर्मत"** भन्नाले प्राकृतिक प्रकोपबाट संरचना भत्किई वा अन्य कुनै किसिमले आकस्मिक रुपमा क्षति भएमा गरिनु पर्ने सामान्य मर्मत बाहेकका अन्य मर्मत सम्भार सम्बन्धी कार्य सम्झनु पर्छ ।

(त) **"निरीक्षक"** भन्नाले नियम ३८.१ बमोजिम तोकिएको खानेपानी निरीक्षक सम्झनु पर्छ ।

(थ) **"व्यापक सार्वजनिक उपयोग"** भन्नाले भैरहेको उपयोगबाट लाभान्वित भएका जनसंख्यालाई उल्लेखनीय प्रतिकूल असर नपारी सो भन्दा बढी जनसंख्यालाई लाभ हुने उपयोगलाई जनाउनेछ ।

# परिच्छेद –२
# जलस्रोत व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

### ४. पालिकास्तरिय जलस्रोत व्यवस्थापन समिति :

खानेपानी उपभोक्ता समिति  मुहान दर्ता गर्न, उपभोक्ता समितिको विधान स्वीकृत गर्न, संशोधन गर्न, उपभोक्ता समितिहरु गाभिएर नयाँ बन्न स्वीकृति दिन, पानीको उपयोगको प्राथमिकता तोक्न, पानीमा आधारित व्यवसाय संचालनको स्वीकृति दिन वा नदिन, खानेपानी तथा मुहान सम्बन्धि विवाद मिलाउन, उजुरी उपर कारवाही गर्न, उपभोक्ता समितिले लिने शुल्क स्वीकृत गर्न तथा यस ऐन बमोजिमका अन्य अधिकार प्रयोग गर्न देहाय बमोजिमको एक पालिकास्तरीय जलस्रोत व्यवस्थापन समिति रहनेछ ।

क) अध्यक्ष– गाउँपालिका अध्यक्ष

ख) सदस्य– गाउँपालिका उपाध्यक्ष

ग) सदस्य– सम्बन्धित वडाको वडाध्यक्ष

घ) सदस्य– सामाजिक विकास शाखाका संयोजक

ङ) सदस्य– डिभिजन वन कार्यालयका प्रतिनिधि

च) सदस्य– स्वास्थ्य शाखाको प्रतिनिधि

छ) सदस्य– गाउँपालिकाको इन्जिनियर

ज) सदस्य – खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धीत  कर्मचारी वा सम्पर्क व्यक्ती

झ)सदस्य सचिब-प्रमुख प्रशासकीय अधिकृत

४.१ समितिको वैठक समितिका अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ ।

४.२ समितिका सदस्यको ५१ प्रतिशत उपस्थिति भएमा समितिको वैठक बस्न गणपुरक संख्या पुगेको मानिनेछ ।

४.३ कुनै विषयमा  निर्णय गर्नु पर्ने भएमा समितिको उपस्थित सदस्य संख्याको बहुमत सदस्यहरुको मतलाई  जलस्रोत समितिको निर्णय मानिनेछ ।

४.४ यस समितिको वैठक सम्बन्धि अन्य कार्यविधी समितिले तोके बमोजिम हुनेछ ।

४.५ समितिको निर्णय समितिका सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

४.६ समितिको कार्यालय बराहताल गाउँकार्यपालिकाको कार्यालयमा रहनेछ ।

४.७बराहताल गाउँपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा सम्पुर्ण कार्य गर्नको लागी एक जना प्राविधिक र कर्मचारीको बन्दोबस्त गरि शाखाको विकास गर्नु पर्नेछ ।

४.८ यस समितिमा, समितिले आवश्यक देखेमा गाउँपालिकाका प्राविधिक, विषयगत शाखा प्रमुखहरु, सामुदायिक वन उपभोक्ता समितिका प्रतिनिधि, छिमेकी पालिकाका प्रतिनिधि, विषेशज्ञ आदिलाई आमन्त्रित गर्न सक्नेछ ।

# परिच्छेद ३

# खानेपानीको प्राथमिकता, मुल दर्ता तथा स्वामित्व

**५. खानेपानीको स्वामित्व :**

५.१ यस बराहताल गाउँपालिका भित्र रहेको खानेपानीको स्वामित्व गाउँपालिकामा निहित रहनेछ ।

**६. खानेपानी उपयोग :**

६.१ यस ऐन बमोजिम अनुमति प्राप्त नगरी कसैले पनि खानेपानीको उपयोग गर्न पाउने छैन् ।

६.२ उपदफा (६.१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिम खानेपानीको उपयोग गर्न अनुमति पत्र लिनु पर्ने छैन :

(क) व्यक्तिगत वा सामुदायिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगका लागि उपयोग गर्न

(ख) व्यक्तिगत वा सामुदायिक रुपमा आफ्नो जग्गामा सिँचाई गर्न

(ग) जग्गा धनीले आफ्नो जग्गा भित्र मात्र सिमित रहेको खानेपानी तोकिए बमोजिम उपयोग गर्न

६.३ खानेपानी उपयोग गर्ने व्यक्ति वा संगठित संस्थाले अरुलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

**७. खानेपानी उपयोगको प्राथमिकता क्रम :**

७.१ खानेपानी उपयोग गर्दा साधारणतयाः देहायको प्राथमिकता क्रम अनुसार गर्नु पर्नेछ

(क) खानेपानी र घरेलु उपयोग

(ख) सिँचाई

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उपयोग

(घ) अन्य

**८. खानेपानी मुल दर्ता :**

८.१ कुनै प्राकृतिक पानी उत्पादन (मुल, ताल, खोला) को स्रोतबाट संकलन गरि खानेपानी व्यवस्थापन गर्न चाहने व्यक्ति वा समुहले गाउँपालिका कार्यालयको सम्बन्धित शाखामा खानेपानी संकलन मुख्य स्रोत (मुल) दर्ताको लागि दरखास्त (अनुसुची १ मा उपलब्ध फाराम बमोजिम) दिई अनुमति पत्र अनुसुची ४ मा उपलब्ध फाराम बमोजिम) लिनु पर्नेछ ।

८.२ पानीको मुख्य स्रोत कुनै व्यक्ति वा संस्थाको निजी जग्गामा मुल खानेपानी समितिको नाममा दर्ता गर्नु परेमा उक्त जग्गा धनीको मन्जुरीनामा पेश गर्नु पर्नेछ ।

८.३ उपदफा (८.१) र (८.२) मा जुनसुकै कुरा लेखिएतापनि बिगतदेखि नै सामुदायिक रुपमा प्रयोग भएको निजी मुल वा पालिकास्तरीय समितिले अति आवश्यक ठानेको निजी जग्गामा रहेको मुल पालिकास्तरीय जलस्रोत समितिले निर्णय गरी सार्वजनिक प्रयोगको लागि व्यवस्था गरिदिन सक्नेछ ।

८.४ कुनै पनि व्यक्तिको निजी जग्गामा भएको वा नभएको कुनै पनि मुल एक व्यक्तिको नाममा दर्ता गर्न सकिने छैन ।

८.५ इतिहास देखि नै समुदायले प्रयोग गरिरहेको निजी जग्गामा रहेको पानीको मुलमाथि जग्गा धनीले समुदायले प्रयोग गर्न नमिल्ने गरि बन्देज लगाउन पाइनेछैन ।

८.६ संघिय तथा प्रदेश कानुन बमोजिम स्वीकृति लिएर गाउँपालिका भित्र संचालन हुने पानीमा आधारित व्यवसाय तथा उपभोक्ता समितिले समेत गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

८.७ कुनै पनि स्थानमा डिप बोरिङ्ग गरी पानीको ब्यवस्थापन गर्नुपर्दा भूगर्वविद्को रिपोर्टका आधारमा पानीको स्रोत एकिन गरेर मात्र अनुमती दिनुपर्नेछ, साथै सो कार्य प्रारम्भ गर्नु अघि पालिकास्तरीय जलस्रोत समितिको सिफारिस लिएर मात्र काम गर्न सकिनेछ ।

**९. गाउँपालिकाले खानेपानीको उपयोग वा विकास गर्न सक्ने :**

९.१ गाउँपालिकाले आफैँले कुनै खानेपानीको उपयोग वा विकास गर्नमा यस ऐनको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन ।

९.२ कसैले यस ऐन बमोजिम उपयोग गरेको खानेपानी र सोसँग सम्बन्धित जग्गा, भवन, उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि गाउँपालिकाले आफूले लिई विकास गर्न सक्नेछ ।

९.३ उपदफा (९.२) बमोजिम आफूले लिएको खानेपानीको उपयोगसँगसम्बन्धित जग्गा, भवन, उपकरण वा संरचना वापत गाउँपालिकाले सम्बन्धित व्यक्ति/संस्थालाई दिनै पर्ने अवस्था रहेमा मुल्याङ्कन गरी न्यूनतम क्षतिपूर्ति दिन सक्नेछ ।

९.४ उपदफा (९.३) बमोजिम दिइने क्षतिपूर्तिको रकम उपदफा (९.२) बमोजिम गाउपालिकाले लिएको जग्गा, भवन, उपकरण तथा संरचनाको वर्तमान मूल्य (त्यसमा भएको टुटफुट र साधारण प्रयोगबाट भएको ह्रास कटाइ) को आधारमा निर्धारित गरिनेछ ।

# परिच्छेद ४

# उपभोक्ता समितिको गठन, दर्ता तथा सञ्चालन :

**१०. समिति गठन गर्न निवेदन :**

१०.१ सामूहिक लाभको लागि संस्थागत रुपमा खानेपानीको उपयोग गर्न चाहने व्यक्तिहरुले तोकिएको बमोजिम खानपानी उपभोक्ता समिति गठन गर्न निवेदन पेश गर्न सक्नेछन् ।

१०.२ उपदफा (१०.१) बमोजिम गठन गरिने उपभोक्ता समिति गठन गर्दा ७ देखि ११ सदस्यीय हुने गरि गठन गर्नु पर्नेछ । प्रमुख ३ (अध्यक्ष, सचिव र कोषाध्य) पदमध्ये कम्तिमा एक पद अनिवार्य रुपमा महिला सदस्यको लागि छुट्याउनु पर्नेछ । कार्यसमितिमा कुल संख्याको ३३ प्रतिशत महिला हुनुपर्नेछ ।

**११. प्रमाण पत्र तथा नविकरण :**

११.१ खानेपानी उपभोक्ता समिति दर्ताको प्रमाणपत्रको ढाँचा अनुसूचि ३ बमोजिम हुनेछ । उक्त प्रमाणपत्र प्रत्येक आर्थिक वर्ष अन्त्य भएको मितिले ३ महिना भित्र अनिवार्य रुपमा नविकरण गर्नु पर्नेछ । तीन महिना सम्म पनि नविकरण नगरेमा ६ महिना (पौष मसान्त) भित्र नवीकरण गर्न आएमा तोकिएको जरिवाना लिई नविकरण गरि दिन सकिनेछ । ६ महिना सम्म पनि नविकरण नगर्ने खानेपानी समिति स्वत: खारेज भएको मानिनेछ ।

११.२ उपभोक्ता समिति दर्ताको लागि निवेदन दर्ता दस्तुर, समिति दर्ता दस्तुर, नविकरण दस्तुर आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ । आर्थिक ऐनमा उल्लेख नभएसम्मका लागि निवेदन दस्तुर रु. ५०।- (पचास रुपैयाँ), समिति दर्ता दस्तुर रु. ५००।- (पाँच सय रुपैयाँ), नविकरण दस्तुर वार्षिक रु २५०।- (दुइ सय पचास रुपैयाँ), र जरिवाना रु. १००।- (एक सय रुपैयाँ) तिर्नु पर्नेछ ।

**१२. समिति संगठित संस्था मानिने :**

१२.१ यस ऐन अन्तर्गत दर्ता भएको समिति अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित समिति हुनेछ । सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

१२.२ समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

**१३. उपभोक्ता संस्था वा समितिको विधान :**

१३.१ उपभोक्ता संस्थाको एउटा विधान हुनेछ ।

१३.२ उपदफा (१३.१) बमोजिमको विधान अनुसूचि २ मा उल्लेख भए बमोजिमका कुराहरु खुलाएको हुनु पर्नेछ ।

१३.३ उपभोत्ता संस्था वा समितिको विधान संशोधन गर्नु परेमा संस्थाका तत्काल कायम रहेका सदस्य संख्याको कम्तिमा दुई तिहाई बहुमतले साधारणसभावाट पारित गरि प्रमुख प्रशासकीय अधिर्कत समक्ष निबेदन दिनु पर्नेछ ।

**१४. उपभोक्ता संस्था दर्ता :**

१४.१ प्राकृतिक पानीलाई खानेपानी रुपमा उपयोग गर्न, उपभोक्ता संस्था दर्ता गर्न चाहने व्यक्ति वा सङ्गठित संस्थाले आवश्यकता अनुसार विवरण खुलाई तोकिएको दस्तुर तिरेको रसिद सहित पालिका स्तरीय जलस्रोत समिति समक्ष अनुसूचि २ बमोजिमको निवेदन दिनु पर्नेछ । निवेदन पेश गर्दा अनुसूची ३ बमोजिमका कागजपत्रहरु संलग्न राखी देहायको विवरण सहित पेश गर्नु पर्नेछ ।

क) समितिको नाम,

ख) उद्देश्यहरु,

ग) समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

घ) कार्यालयको ठेगाना ।

ङ) समिति सञ्चालनको विधि र प्रक्रिया

१४.२ उपदफा (१०.१) बमोजिमको निवेदन प्राप्त भए पछि गाउँपालकि प्रमुखको आदेशानुसार प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझको लागि सम्बन्धितहरुको जानकारीको लागि ३५ दिने सार्वजनिक सुचना प्रकाशन गरि सम्बन्धित वडा, मुहान क्षेत्र तथा सार्वजनिक क्षेत्रमा सूचना टाँस गरि राय मागी विवाद भए नभएको तथा मुहान दर्ता गरि उपभोक्ता समिति दर्ता गर्न उपयुक्त भए नभएको जाँचबुझ गर्नु पर्नेछ ।

१४.३ जाँचबुझको क्रममा कुनै कागजात नपुग भएमा प्रमुख प्रशासकिय अधिकृतले १५ दिन भित्र आवश्यक थप कागजात पेश गर्न लगाउन सक्नेछ ।

१४.४ प्रमुख प्रशासकिय अधिकृतलाई आवश्यक लागेमा पालिकाका प्राविधिकहरुलाई स्थलगत सर्वेक्षणको लागि खटाउन सक्नेछ । यसरी खटिने प्राविधिक समितिले मुहानको स्थिति, पानीको मात्रा, वर्तमान प्रयोग, आर्थिक, सामाजिक, वातावरणीय तथा अन्य प्रभाव, विवादको स्थिति लगायतका विषयहरु खुलाई प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१४.५ प्रमुख प्रशासकिय अधिकृतले आवश्यक जाँचबुझ गरी उपभोक्ता समिति दर्ता गर्न उचित ठानेमा दफा (४) बमोजिमको गाउँपालिका स्तरीय जलस्रोत व्यवस्थापन समितिमा पेश गरि गाउँपालिका स्तरीय जलस्रोत समितिको निर्णय बमोजिम समितिको बिधान स्वीकृत गरेर उपभोक्ता समिति दर्ता गरि प्रमाण पत्र दिनेछ । गाउँपालिका स्तरीय जलस्रोत व्यवस्थापन समितिले कुनै उपभोक्ता समिति दर्ता नगर्ने निर्णय गरेमा सो को जानकारी प्रमुख प्रशासकिय अधिकृतले निर्णय भएको ३० दिन भित्र सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

१४.६ प्रमुख प्रशासकीय अधिकृतले प्रारम्भिक जाँचबुझ बमोजिम कुनै समिति दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई निवेदन दिएको ३० दिन भित्र दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतिस दिन भित्र त्यस्तो निर्णय उपर गाउँपालिका प्रमुख समक्ष उजुर गर्न सक्नेछ ।

१४.७ उपदफा (१४.६) बमाजिमको उजुरी प्राप्त भए पछि पालिका प्रमुखले आवश्यक जाँचबुझ गरी त्यस्तो समिति दर्ता गर्न मनासिव ठहरिएमा सो समिति दर्ता गर्ने प्रकृयाको लागि गाउँपालिका स्तरीय जलस्रोत समितिमा पेश गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र गाउँपालिका स्तरीय जलस्रोत समितिले दर्ता गर्न उचित रहेको निर्णय गरेमा प्रमुख प्रशासकीय अधिकृतले उपभोक्ता समिति दर्ता गरिदिनु पर्नेछ ।

**१५. दोहोरो उपभोक्ता संस्था दर्ता नगरिने :**

१५.१ कुनै स्रोतको उपभोग गर्न कुनै उपभोक्ता संस्था दर्ता भईसकेपछि त्यस्तो उपभोक्ता संस्थाले उपभोग गर्ने पानीको परिमाणमा कटौती हुनेगरी सोही संस्थाको कार्यक्षेत्रभित्र अर्को उपभोक्ता संस्था दर्ता गरिने छैन ।

१५.१ उपदफा १५.१ जे सुकै कुरा भएपनि भेरी र कर्णाली नदीको ठुलो स्रोतमा लागु हुने छैन ।

**१६. स्रोतको पानीमा उपभोक्ता संस्थाको अधिकार कायम रहने :**

१६.१दफा १४ बमोजिम उपभोक्ता संस्था दर्ता भएपछि उपभोक्ता संस्थाले उपयोग गर्न तोकिएको हदसम्मको परिमाण बराबर पानीको स्रोतमा उपभोक्ता संस्थाको अधिकार कायम रहनेछ ।

# परिच्छेद-५

# संरचनाको सुरक्षा र मर्मत संभार

**१७. गुणस्तर कायम राख्नु पर्ने :**

१७.१ जलस्रोत ऐन २०४९ को दफा १८, राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ बमोजिम खानेपानीको लागि निर्धारण गरेको गुणस्तरीय पानी आपूर्तिकर्ताले उपभोक्तालाई उपलब्ध गराउने खानेपानीमा कायम राख्नु पर्नेछ ।

१७.२ खानेपानी अपूर्ति कर्ताले बार्षिक रुपमा हिउँद र बर्षायाममा गरि कम्तिमा दुई पटक पानीको गुणस्तर जाँच गर्नु पर्नेछ ।

**१८. स्रोतलाई प्रदुषित बनाउन नहुनेः**

१८.१ पानी आपूर्तिकर्ता वा अन्य जो कोही व्यक्तिले स्रोतमा प्रदुषण हुने गरी संरचनाको निर्माण गर्न तथा अन्य कुनै प्रकारको कार्यहरु गर्नु हुँदैन ।

**१९. वातावरणमा उल्लेखनीय प्रतिकूल असर पार्न नहुनेः**

१९.१ पानी आपूर्तिकर्ताले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने गरी संरचनाको निर्माण गर्न तथा अन्य कुनै प्रकारको कार्यहरु गर्नु हुँदैन ।

**२०. खानेपानी प्रणालीको मर्मत :**

२०.१ पानी आपूर्तिकर्ताले आफ्नै स्रोत र साधनको प्रयोग गरी खानेपानी प्रणालीको सामान्य मर्मत गर्नु पर्नेछ ।

२०.२ पानी आपूर्तिकर्ताले आफ्नै स्रोत र साधनले मात्र खानेपानी प्रणालीको सामान्य मर्मत गर्न नसक्ने भएमा सम्बन्धित गाउँपालिकाको र विभिन्न निकायसँग आवश्यक परामर्श, प्राविधिक सहयोग आर्थिक सहयोग माग गरी खानेपानी प्रणाली सामान्य मर्मत तथा विकास गर्नु पर्नेछ ।

२०.३ उपदफा (२०.१) र (२०.२) मा जुनसुकै कुरा लेखिएको भएता पनि अनुमतिपत्र प्राप्त खानेपानी आफले सञ्चालन गरेको खानेपानी प्रणालीको सम्पूर्ण मर्मत आफैले गर्नु पर्नेछ ।

**२१. खानेपानी प्रणाली मर्मत कोषको व्यवस्था :**

२१.१ खानेपानी आपूर्तिकर्ताले स्थापना समय देखी खानेपानी मर्मत कोषको व्यवस्था गर्नु पर्नेछ ।

२१.२ खानेपानी प्रणाली मर्मत गर्नको लागी प्रत्येक उपभोक्ताबाट लिएको शुल्कबाट न्यूनतम रकम छुट्याउनु पर्नेछ ।

# परिच्छेद-६
# सेवा शुल्क सम्बन्धी व्यवस्था

**२२. सेवा उपभोगका शर्तहरू तोक्न र सेवा शुल्क असूल उपर गर्न पाउने :**

२२.१ अनुमतिपत्र प्राप्त खानेपानी आपूर्तिकर्ताल आफूले विकास गरेको खानेपानी प्रणालीबाट उपलब्ध गरेको सेवा उपयोग गर्ने उपभोक्ताको आपसी शर्तको आधारमा खानेपानी उपलब्ध गराउन र त्यस्तो सेवा वापत शुल्कको दर निर्धारण र असूलउपर गर्न सक्नेछ ।

२२.२ उपदफा (२२.१) बमोजिम सेवा शुल्क निर्धारण गर्दा पानी आपुर्तिकर्ताले खानेपानी प्रणालीको संचालन तथा मर्मत सम्भार गर्दा लाग्ने लागत सम्बन्धमा गाउँपालिकाको खानेपानी शाखाको प्राविधिक सहयोग लिई सेवा शुल्कको दर निर्धारण गर्नु पर्नेछ ।

**२३. नगद, वा जनश्रमबाट सेवा  शुल्क उठाउन सक्ने :**

२३.१ दफा २२ को उपदफा (२२.१) बमोजिम खानेपानी आपूर्तिकर्ताले निर्धारण गरेको सेवा शुल्क पानी आपूर्तिकर्ताले उपभोक्तासँग नगद, वा जनश्रमदानको माध्यमबाट पनि उठाउन सक्नेछ ।

**२४. सेवा शुल्क बुझाउने तरिका र म्याद :**

२४.१ उपभोक्ताले सेवा शुल्क बुझाउने तरिका र म्याद, पानी आपूर्तिकर्ताले तोकिदिए बमोजिम हुनेछ ।

२४.२ खानेपानी आपूर्तिकर्ताले उपभोक्तासँग सेवा शुल्क लिएपछि त्यसको रसिद दिनुपर्नेछ ।

**२५. विलम्व शुल्कः**

२५.१ उपभोक्ताले पानी आपूर्तिकर्ताले निर्धारण गरेको समयमा सेवा शुल्क नबुझाएमा विलम्व शुल्क बुझाउनु पर्नेछ ।

२५.२ उपदफा (२४.१) बमोजिम बुझाउनु पर्ने विलम्व शुल्कको रकम अनुमतिपत्र प्राप्त आपूर्तिले तोकिएको बमोजिम हुनेछ ।

**२६. खानेपानीको परिमाण नाप गर्ने इकाईः**

२६.१ सेवा शुल्क दर निर्धारण गर्ने प्रयोजनको लागी आपूर्तिकर्ताले उपलब्ध गर्ने खानेपानी उपयोग मापन यन्त्र (घन मिटर/हजार लिटर प्रति महिना) ले देखाएको खानेपानीको परिमाण लिई र आपूर्तिकर्ताले सेवा शुल्क निर्धारण गरेको बमोजिम कायम गर्नु पर्नेछ ।

**२७. खानेपानी उपयोग मापक यन्त्र जडान गर्नेः**

२७.१ पानी आपूर्तिकर्ताले सेवा शुल्क निर्धारण गर्ने प्रयोजनको लागि उपभोक्ताले उपयोग गर्ने खानेपानी को परिमाणको नाप गर्न प्रत्येक उपभोक्ताको धारामा आवश्यक सिल लगाई खानेपानी उपयोग मापक यन्त्र जडान गरी दिनु पर्नेछ ।

२७.२ उपदफा (२५.१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विशेष परिस्थितिमा वा सरलीकरणको लागि पानी आपूर्तिकर्ताले खानेपानी मापक यन्त्र जडान नगरेर पनि उपभोक्तालाई सेवा उपलब्ध गराउन सक्नेछ ।

२७.३ उपदफा (२७.१) बमोजिम जडान भएको खानेपानी उपयोग मापक यन्त्र बिग्रिएमा, नासिएमा वा अरु कुनै कारणबाट काम नलाग्ने भई उपयोग गरेको पानीको परिमाणमा नाप गर्न नसक्ने भएमा उपभोक्ताले सो कुराको सूचना यथाशक्य छिटो पानी आपूर्तिकर्तालाई दिनु पर्नेछ ।

२७.४ उपदफा (२७.३) बमोजिम सूचना प्राप्त हुन आएमा पानी आपूर्तिकर्ताले यथाशक्य छिटो सम्बन्धित उपभोक्ताको धारामा जडान गरिएको खानेपानी उपयोग मापक यन्त्रको मर्मत सम्भार गर्न वा त्यस्तो धारामा नयाँ खानेपानी उपयोग मापक यन्त्र जडान गरिदिनु पर्नेछ ।

२७.५ खानेपानी उपयोग मापक यन्त्रमा पानी आपूर्तिकर्ताले लगाइएको सिल पानी आपूर्तिकर्ताको तर्फबाट खटिई आएको व्यक्ति बाहेक अन्य व्यक्तिले फेर्न वा खोल्न हुँदैन ।

# परिच्छेद-७

# सेवा उपयोग सम्बन्धी व्यवस्था

**२८. सेवा उपलब्ध गराउने आधार :**

२८.१ पानी आपूर्तिकर्ताले सेवा उपलब्ध गराउँदा देहायका विषयलाई आधार बनाउनेछ :-

(क) भौगोलिक स्थिति,

(ख) जनसंख्या,

(ग) स्रोतमा उपलब्ध हुन सक्ने पानीको परिमाण, (घ) संरचनाको क्षमता,

(ङ) अन्य प्राविधिक कुराहरु ।

**२९. सेवा उपयोग गर्न प्राथमिकता दिने :**

२९.१ पानी आपूर्तिकर्ताल दफा ` ७ बमोजिम निर्धारित आधारहरुको अधीनमा रही देहायका उपभोक्तालाई

सेवा उपयोग गर्न प्राथमिकता दिनेछ :-

(क) स्वास्थ्य चौकी, अनाथालय, बृद्धाश्रम तथा सामाजिक संस्था, धार्मिक संस्था

(ख) बाढी, आगलागी, महामारी रोग व्याध फैलिई वा त्यस्तै अन्य कुनै प्राकृतिक प्रकोपको कारणले अस्थायी रुपमा खडा गरिएको शिविर,

(ग) विद्यालय, छात्रावास, प्रहरी चौकी, सरकारी, अर्धसरकारी वा गैर सरकारी कार्यालय तथा त्यस्तो कार्यालयको कर्मचारीको आवास गृह,

(घ) सर्वसाधारण नागरिकको आवास गृह,

(ङ) अत्यन्त जरुरी सार्वजनिक महत्वको निर्माण कार्य,

(च) उद्योग तथा कारखाना भए त्यस्तो उद्योग र कारखानामा काम गर्ने कामदारहरु ।

२९.२ उपदफा (२९.१) मा लेखिए देखि बाहेक सेवा उपलब्ध गराउने प्राथमिकताको क्रम निर्धारण गर्दा पानी आपूर्तिकर्ताले सम्बन्धित गाउँपालिका र अन्य निकायहरुसँग आवश्यक परामर्श गर्नेछ ।

**३०. उपभोक्ता हुनको लागि दरखास्त दिनु पर्ने :**

३०.१ पानी आपूर्तिकर्ताबाट सेवा उपयोग गर्न चाहने व्यक्ति वा निकायले पानी आपूर्तिकर्ताले तोकिदिएको ढाँचामा पानी आपूर्तिकर्ता समक्ष दरखास्त दिनु पर्नेछ ।

३०.२ उपदफा (३०.१) बमोजिम दरखास्त प्राप्त भएपछि पानी आपूर्तिकर्ताले दरखास्तवालाको माग बमोजिम सेवा उपलब्ध गराउन सकिने नसकिने सम्बन्धमा प्राविधिक तथा अन्य आवश्यक कुराहरुको जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा सेवा उपलब्ध गराउन सकिने भएमा सेवा उपलब्ध गराउँदा लाग्ने लागत रकमको इष्टमेट गरी रकम जम्मा गर्न दरखास्तवालालाई म्याद सहितको सूचना गर्नेछ ।

३०.३ उपदफा (३०.२) बमोजिम दिइएको म्याद सहितको सूचना अनुसार दरखास्तवालाले रकम जम्मा गरेमा पानी आपूर्तिकर्ताले त्यस्तो व्यक्तिको नाम उपभोक्ताको सूचीमा समावेश गराई निजलाई सेवा उपलब्ध गराउनु पर्नेछ ।

३०.४ उपदफा (३०.२) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालालाई सेवा उपलब्ध गराउन नसकिने भएमा त्यसको जानकारी सम्बन्धित दरखास्तवालालाई दिनु पर्नेछ ।

३०.५ उपदफा (३०.४) बमोजिम पानी आपूर्तिकर्ताको निर्णय उपर चित्त नबुझे दरखास्तवालाले गाउँपालिका कार्यालय समक्ष उजूरी दिन सक्नेछ ।

३०.६ उपदफा (३०.५) बमोजिम उजूरी प्राप्त भएपछि गाउँपालिका कार्यालयले सो उजूरी उपर आवश्यक जाँचबुझ गरी उपयुक्त आदेश दिन सक्नेछ र त्यस्तो आदेश सम्बन्धित पानी आपूर्तिकर्ता र उजूरीकर्ता दुवैलाई मान्य हुनेछ ।

**३१. शर्तहरु तोक्ने :**

३१.१ खानेपानी आपूर्तिकर्ताले उपभोक्तालाई सेवा उपलब्ध गराउँदा, गाउँपालिकाले तोकेको शर्तहरु विपरीत नहुने गरी आवश्यक शर्तहरु तोक्न सक्नेछ ।

३१.२ कुनै उपभोक्ताले उपदफा (३१.१) विपरीत कुनै काम गरेमा पानी आपूर्तिकर्ताले त्यस्तो उपभोक्तालाई प्रदान गरेको सेवा कटौती गर्न सक्नेछ ।

३१.३ उपदफा (३१.१) बमोजिम पानी आपूर्तिकर्ताले शर्तहरु तोक्दा गाउँपालिका कार्यालयबाट आवश्यक परामर्श गर्नु पर्नेछ ।

**३२. सेवा कटौती गर्न सक्ने :**

३२.१ संरचनाको क्षमता भन्दा बढी परिमाणमा खानेपानीको माग भई माग अनुसारको सेवा उपलब्ध गराउन नसक्ने अवस्था भएमा पानी आपूर्तिकर्ताले नियम २६ बमोजिम निर्धारित प्राथकिताको क्रमको आधारमा उपभोक्ताहरुलाई आंशिक वा पूर्ण रुपमा सेवामा कटौती गर्न सक्नेछ ।

३२.२ उपदफा (३२.१) बमोजिम सेवा कटौती गर्दा पानी आपूर्तिकर्ताले समिति, वडा वापालिकासँग परामर्श गर्नु पर्नेछ ।

३२.३ सेवा बन्द गर्न सक्ने: देहायका अवस्थामा पानी आपूर्तिकर्ताले उपभोक्तालाई प्रदान गरेको सेवा बन्द गर्न सक्नेछः-

(क) उपभोक्ताले सेवा उपयोग गरे बापत बुझाउनु पर्ने सेवा शुल्क नबुझाएमा वा शुल्क नबुझाए सम्म,

(ख) उपभोक्ताले पानी आपूर्तिकतासँग गरेको सम्झौतामा उल्लिखित कुनै शर्त उल्लङ्घन गरेमा त्यस्तो शर्त पूरा नगरेसम्म,

(ग) संरचना क्षतिग्रस्त भएमा वा हुने संभावना भएमा आवश्यक मर्मत सम्भार नगरेसम्म,

(घ) स्रोत वा संरचनाको पानी प्रदुषित भई वा अन्य कुनै कारणले स्वास्थ्यको दृष्टिकोणले उपयोगी नभएसम्म ।

# परिच्छेद-८
# दण्ड, जरिवाना, उजूरी

**३३. दण्ड सजाय :**

३३.१ दफा ८ बमोजिम मुल दर्ता (खानेपानी उपभोक्ता समति व्यवस्थापन २०७७) नगराई समिति स्थापना गरेमा वा दफा १२ बमोजिम दर्ता नगरी समिति संचालन गरेमा त्यस्ता समितिका सदस्यहरुलाईपालिकाले जनही न्युनतम १००० /- देखि अधिक्तम ३०००/- रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ र यस्तो समितिलाई खारेज समेत गर्न सक्नेछ ।

३३.२ साधारण सभा तथा परिक्षण बमोजिमका विवरणहरुपालिकामा नपठाएमा कार्य समितिका सदस्यहरुलाईपालिकाले जनही १०००/- देखि अधिक्तम ३०००/- रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ । तर, कुनै सदस्यले दफा (१८) उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोषजनक प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

३३.३ प्रमुख प्रशासकीय अधिकृतले हिसाब जाँच गर्ने, सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने, सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई पालिकाले १००० /- देखि अधिक्तम ३०००/- रुपैँया सम्म जरिवाना गर्न सक्नेछ ।

३३.४ संस्थाको उद्देश्यहरुमा हेरफेर तथा विधान संशोधन गर्नपालिकाको स्वीकृति नलिई समितिको उद्देश्य तथा विधानमा हेरफेर गरेमा वा अर्को समितिसित गाभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वापालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो गर्ने समितिको दर्ता निलम्वन वा खारेज गर्न सक्नेछ ।

३३.५ कसैले बदनियत पूर्वक पानीको मुहान, संरचना आदिमा क्षति पुग्ने काम गरेमा, विगारेमा, भत्काएमा तथा कुनै पनि पदार्थ या रसायन प्रयोग गरि पानी प्रदुषित वा विषाक्त पारेमापालिकाले प्रचलित कानुन बमोजिम कारबाही गर्न तथा बिगो असुलउपर गर्न सक्नेछ ।

**३४. उजूरी तथा पुनरावेदन दिन सक्ने :**

३४.१ कुनै जल स्रोतको कुनै समितिले उपयोग गर्दा कसैलाई मर्का परेमा वा समितिले लाभग्राही क्षेत्रभित्रका व्यक्तिलाई पानीको उपयोग गर्न नदिएमा मर्का परेको व्यक्ति वा संगठनले त्यस्को व्यहोरा खुलाई गाउँपालिका स्तरीय जलस्रोत व्यवस्थापन समितिमा उजुरी दिन सक्नेछ ।

३४.२ उपदफा (३४.१) बमोजिम उजूरी प्राप्त हुन आएमा बराहताल गाउँपालिका कार्यालयले आवश्यकता अनुसार समिति र गाउँपालिकासँग परामर्श गरी आवश्यक आदेश दिन सक्नेछ र त्यसरी दिएको आदेश सम्बन्धित पानी आपूर्तिकर्ता वा उपभोक्तालाई मान्य हुनेछ ।

**३५. स्रोत उपयोग सम्बन्धमा उजूरी गर्न सक्ने :**

३५.१ कुनै स्रोतको उपयोगबाट कसैलाई मर्का पर्ने भएमा मर्का पर्ने व्यक्ति वा संगठित संस्थाले त्यसको कारण खुलाई स्रोत उपयोग विवाद निवारण समिति समक्ष उजूरी गर्न सक्नेछ ।

## परिच्छेद-९
## विविध

**३६. क्षतिपूर्ति माग गर्न सक्ने :**

३६.१ ऐनको दफा ९ को प्रयोजनको लागि क्षतिपूर्ति निर्धारण गर्न गाउँपालिकाको जलस्रोत व्यवस्थापन समिति वा समितिले गठन गरेको प्रतिनिधिहरु रहेको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ ।

३६.२ उपदफा (३५.१) बमोजिमको समितिले सम्बन्धित जग्गाको धनीलाई वास्तविक रुपमा पर्न गएको हानि नोक्सानीका मूल्यो ङ्कन गरी क्षतिपूर्ति निर्धारण गर्नेछ ।

**३७. अरुको घर जग्गाको उपयोग वा प्राप्ति :**

३७.१ खानेपानीको प्रणाली निर्माणको लागि कुनै पनि काम गर्न अरू कसैको घर जग्गा उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिपत्र प्राप्त खानेपानी आपूर्ति/संस्थाले गाउँपालिका समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

३७.२ ऐनको दफा ८ को उपदफा (८.२) बमोजिम स्रोत उपयोगको लागि कसैको निजी घर जग्गा उपयोग वा प्राप्त गर्नु परेमा अनुमतिपत्र प्राप्त आपूर्तिकर्ताले गाउँपालिका स्तरिय जलस्रोत समिति समक्ष निवेदन दिनु पर्नेछ ।

३७.३ उपदफा (३६.१) बमोजिम निवेदन परेमा गाउँपालिकाले सो निवेदन सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदकको माग बमोजिमको घर जग्गा उपलब्ध गराई दिन आवश्यक देखिएमा प्रचलित कानून बमोजिम संगठित संस्थालाई घर जग्गा उपलब्ध गराई दिए सरह निवेदकलाई घर जग्गा उपलब्ध गराई दिनेछ ।

**३८. प्रयोग गर्न निषेध गरिएको घर जग्गाको क्षतिपूर्ति :**

३८.१ ऐनको दफा ९ बमाजिम अनुमतिपत्र प्राप्त आपुर्तिले खानेपानी प्रणालीको विकास वा उपयोग सम्बन्धी कुनै निर्माण कार्य गरी गाउँपालिकाले त्यस्तो निर्माण कार्यको सुरक्षाको लागि आवश्यक पर्ने घर जग्गा अरु कसैले कुनै खास कामको निमित्त प्रयोग गर्न नपाउने गरी निषेध गरेको कारणबाट सम्बन्धित व्यक्तिलाई पर्न गएको हानि नोक्सानी वापत अनुमतिपत्र प्राप्त आपूर्तिले सम्बन्धित पक्षलाई क्षतिपूर्ति दिनु पर्नेछ ।

३८.२ उपदफा (३८.१) बमोजिम दिइने क्षतिपूर्तिको निर्धारण र तत्सम्बन्धी अन्य व्यवस्था दफा ३५ बमोजिम हुनेछ ।

३८.३ उपदफा (३८.२) बमोजिम क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरेको क्षतिपूर्ति दुवै पक्षलाई मान्य हुनेछ ।

३८.४ उपदफा (३८.२) बमोजिम क्षतिपूर्ति निर्धारण समितिले निर्धारण गरेको क्षतिपूर्तिको रकम अनुमतिपत्र प्राप्त व्यक्तिले सम्बन्धित व्यक्तिलाई तीस दिनभित्र दिनु पर्नेछ ।

**३९. निरीक्षक :**

३९.१ खानेपानी आपूर्तिकर्ताको निरीक्षण गर्न गाउँपालिका कार्यालयले निरीक्षक तोक्न सक्नेछ ।

३९.२ उपदफा (३९.१) बमोजिम तोकिएको निरीक्षकले खानेपानी प्रणालीको समय समयमा निरीक्षण गरी देहायका विषयहरुमा पानी आपूर्तिकर्तालाई आवश्यक आदेश तथा निर्देशन दिई सोको जानकारी बराहताल गाउँपालिका कायालयलाई दिनु पर्नेछः -

(क) स्रोतको भौतिक सुरक्षा तथा प्रतिकूल वातावरणीय असरबाट संरक्षण,

(ख) संरचनाको निर्माण, मर्मत, सम्भार तथा सुरक्षा,

(ग) स्रोत तथा संरचनामा भएको खानेपानीको परिमाणको लगत राख्ने, खानेपानीको प्रवाहघटाउने, बढाउने तथा खानेपानीको अनधिकृत चुहावट र सेवाको दुरुपयोगबाट बचाउने,

(घ) खानेपानीलाई प्रदुषण हुनबाट बचाउने, गुणस्तर तथा स्वास्थकर बनाउने,

(ङ) उपभोक्तालाई उपलब्ध गराउने सेवाको व्यवस्थापन, खानेपानीको आपूर्ति गर्ने लगायत अन्य प्राविधिक कुराहरु ।

३९.३ उपदफा (३९.२) मा लेखिए देखि बाहेक सेवा संचालन तथा उपयोग सम्बन्धमा गाउँपालिका कार्यालयले सम्बन्धित पानी आपूर्तिकर्तालाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ ।

३९.४ उपदफा (३९.२) वा (३९.३) बमोजिम निरीक्षक वा बराहताल गाउँपालिकाको कार्यालयले दिएको आदेश तथा निर्देशन सम्बन्धित पानी आपूर्तिकर्ताले पालना गर्नु पर्नेछ ।

**४०. खानेपानी सेवा उपलब्ध गराउँदा समान व्यवहार गर्नु पर्न :**

४०.१ पानी आपूर्ति कर्ताले खानेपानी सेवा उपलब्ध गराउँदा जात, धर्म, वर्ण, लिङ्ग वा राजनैतिक आस्थाका आधारमा विभेद नगरी सबैलाई समान रुपमा खानेपानी सेवा प्राप्त गर्ने अवसर सुनिश्चित गर्नुपर्नेछ ।

४०.२ कुनै पानी आपूर्ति कर्ताले उपदफा (४०.१) विपरीत हुने गरी खानेपानी सेवा उपलब्ध गराउँदा समान व्यवहार गरेको देखिन नआएमा समितिले विना पूवाग्रह समान ढंगबाट सबैलाई खानेपानी सेवा उपलब्ध गराउन सम्बन्धित सेवाप्रदायकलाई निर्देशन दिन सक्नेछ ।

४०.३ उपदफा (४०.२) बमोजिम जलस्रोत व्यवस्थापन समितिले दिएको निर्देशन पालना गर्नु सम्बन्धित सेवाप्रदायकको कर्तव्य हुनेछ ।

**४१. विपन्न वर्गको पहुँच सुनिश्चित गर्नुपर्ने :**

४१.१ पानी आपूर्ति कर्ताले उपलब्ध गराएको खानेपानी सेवामा विपन्न वर्गको पहुँच सुनिश्चित हुनुपर्नेछ ।

४१.२ उपदफा (४१.१) बमोजिम विपन्न वर्गको पहुँच सुनिश्चित गर्नको लागि सेवाप्रदायकले त्यस्तो विपन्न वर्गले तिर्न, बुझाउन सक्ने गरी उपयुक्त महसुल दर निर्धारण गनुपर्नेछ ।

४१.३ पानी आपूर्ति कर्ताले खानेपानी सेवा उपलब्ध गराउदा विपन्न वर्गको पहुँच सुनिश्चित भए नभएको सम्बन्धमा जलस्रोत व्यवस्थापन समितिले अनुगमन गर्न सक्नेछ ।

४१.४ उपदफा ४१.३ बमाजिम समिति ले अनुगमन गर्दा पानी आपूर्ति कर्ताले उपलब्ध गराएको खानेपानी सेवामा विपन्न वर्गको पहुँच सुनिश्चित भएको नदेखेमा त्यस्तो वर्गको सहज पहुँच हुने गरी खानेपानी सेवा उपलब्ध गराउन सम्बन्धित पानी आपूर्ति कर्तालाई गाउँपालिका स्तरीय जलस्रोत व्यवस्थापन समितिले आवश्यक निर्देशन दिन सक्नेछ ।

**४२. निर्देशिका बनाई लागू गर्न सक्ने :**

४२.१ पानी आपूर्तिकर्ताले उपभोक्तालाई सेवा उपलब्ध गराउने विषयमा यस ऐनमा उल्लिखित व्यवस्था विपरीत नहुने गरी आवश्यकता अनुसार निर्देशिका बनाई लागू गराउन सक्नेछ ।

**४३. उपभोक्ता समितिको कार्य अवधी**

४३.१ खानेपानी व्यवस्थापन ऐन २०७७ जारी भएको मिति देखि हाल सन्चालनमा रहेका खानेपानी उपभोक्ता समितिहरुको पुनः गठन गरि नयाँ ऐन बमोजिम गठन हुनेछ ।

४३.२ खानेपानी उपभोक्ता समितिको कार्य अवधी ३ बर्षको मात्र हनेछ ।

**४४. अनुसूचीमा हेरफेर :**

४४.१ बराहताल गाउँपालिकाको राजपत्रमा सूचना प्रकाशन गरीएमा यस ऐनको सूचीमा आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

## अनुसुची १

(ऐन दफा ८ सँग सम्बन्धित)

खानेपानीका मुल वा स्रोत दर्ता

श्री अध्यक्ष ज्यू
बराहताल गाँउपालिका
बड्डीचौर, सुर्खेत ।

महोदय, हामीले ........................................ खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले जलस्रोत उपयोगलाई व्यवस्थित गर्न बनेका जलस्रोत नियमावली २०५० को दफा १२ बमोजिम खानेपानीको मुल दर्ता गराउन देहायको विवरण खुलाइ प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र रु. ........ दस्तुर सहित आवेदन दिएका छौँ ।

विवरण:

१. उपभोक्ता संस्थाको नाम :

२. कार्यक्षेत्र :

३. उद्देश्यहरु :

(क)

(ख)

(ग)

४. उपयोग गर्ने जलस्रोतको विवरण :
जलस्रोतको नाम र ठेगाना (रहेको ठाउँ:)

मूल वा स्रोतको उपयोगीता :

उपयोग गर्न चाहेको स्रोतको परिमाण :
मूल वा स्रोतको हाल भैरहेको उपयोग :

५.उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण :
सेवाको किसिम :
सेवा पुऱ्याउने क्षेत्र :
लाभान्वित हुने उपभोक्ताहरुको संख्या :
भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावना :
६. कुनै संघ सस्थाबाट सहयता व्यहोरिने भए सो सम्बन्धमा त्यस संस्थाले व्यक्त गरेको प्रतिबद्धता र तत्सम्बन्धी कागजातहरु संलग्न गर्नू पर्नेछ :

**निवेदक,**
उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिने

..........................................................
नाम :
पद :
मिति :

अनुसूची २

दफा १० को उपदफा १०.१ सँग सम्बन्धित

उपभोक्ता समिति दर्ताको लागि निवेदन

मितिः ..................

श्री अध्यक्ष ज्यू बराहताल
गाँउपालिका
बङ्गिचौर,सुर्खेत ।

महोदय, खानेपानी नियमावली २०५५ को दफा ५ बमोजिम र बराहताल गाउँपालिका खानेपानी ऐन २०७७ का` दफा १४ बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र रु. ........ दस्तुर सहित आवेदन दिएका छौं ।

विवरणः

१. उपभोक्ता संस्थाको नाम :

२. कार्यक्षेत्र :

३. उद्देश्यहरु :

घ) कार्यालय (संस्था) को ठेगाना :

४. कार्य समितिको सदस्यहरुको विवरण :

५ उपभोक्ता संस्थाको विधानमा देहायका कुराहरु खुलेको हुनु पर्नेछ (खानेपानी नियमावली-२०५५ बमोजिम)

(क) उद्देश्य तथा कार्य क्षेत्र,
(ख) सदस्यताका लागि योग्यता,`
(ग) सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि,
(घ) सदस्यताका अयोग्यता,
(ङ) साधारण सभाको गठन,
(च) साधारण सभाको अधिवेशन,
(छ) साधारण सभाको काम, कर्तव्य र अधिकार,
(ज) कार्य समितिको गठन,
(झ) कार्य समितिको बैठक,
(ञ) कार्य समितिको काम, कर्तव्य र अधिकार,
(ट) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार,
(ठ) निर्वाचन सम्बन्धी व्यवस्था,

(ड) अविश्वासको प्रस्ताव,
(ढ) आर्थिक स्रोत,
(ण) चलअचल सम्पत्तिको विवरण,
(त) कोष,
(थ) लेखापरीक्षण,
(द) विधानमा संशोधन,
(ध) विनियम बनाउन सक्ने कुरा,
सदस्यताबाट मुक्त हुने अन्य अवस्थाहरु
(न) अन्य आवश्यक कुराहरु ।

**६. उपभोक्ता संस्था दर्ता गर्न दरखास्त दिनु पर्ने:**

**निवेदक,**
उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिने

........................................................
नाम :
पद :
मिति :

**अनुसूची - ३**

दफा ११को उपदफा ११.१ सँग
सम्बन्धित उपभोक्ता संस्थादर्ता प्रमाण पत्र

दर्ता मिति :
दर्ता नम्बर :

मिति :

श्री ............................................
..................................................
..................................................

..............................(सम्बन्धित उपभोक्ता संस्थाको नाम).................... जलस्रोतको उपयोगलाई व्यवस्थित गर्न बनेका ऐन, २०७७ को दफा ११ बमोजिम...................साल............... महिना .......... गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ, जलस्रोत ऐन, २०४९ र जलस्रोत नियमावली, २०५० बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

प्रमाण पत्र दिने अधिकारीको

.......................................................
नाम :
पद :
कार्यालय :
मिति :
छाप :

**अनुसूची - ४**

दफा ८ को उपदफा ८.१ सँग सम्बन्धित

मुलदर्ता प्रमाण पत्र

दर्ता मिति :

दर्ता नम्बर :

मिति :

श्री .............................................

..................................................

..................................................

..............................(सम्बन्धित उपभोक्ता संस्थाको नाम).................... जलस्रोतको उपयोगलाई व्यवस्थित गर्न बनेका ऐन, २०७७ को दफा ८ बमोजिम..................साल.............. महिना .......... गतेमा यस कार्यालयमा दर्ता गरी यो मूलदर्ता प्रमाणपत्र प्रदान गरिएको छ, जलस्रोत ऐन, २०४९ र जलस्रोत नियमावली, २०५० बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

प्रमाण पत्र दिने अधिकारीको

.......................................................

नाम :

पद :

कार्यालय :

मिति :

छाप :

**अनुसूची - ५**

दफा ११ को उपदफा ११.१ सँग सम्बन्धित

खानेपानी उपभोक्ता समिति नविकरणको प्रमाण पत्र ढाँचा

खानेपानी उपभोक्ता समितिको नाम :

ठेगाना :

प्रमाणपत्र दर्ता नं. :

प्रमाणपत्र दर्ता मिति :

| दर्ता नं. | नविकरणको विवरण | नविकरण मिति | नविकरण वहाल रहने अवधि | नविकरण दस्तुर | नविकरण गर्ने अधिकारीको दस्तखत र छाप | दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

नोट :

१) जुन आ.व. मा नविकरण गरिएको हो सोहि आ.व. को आषाढ मसान्त सम्म मात्र बहाल रहने अवधी कायम हुनेछ ।

२) खानेपानी उपभोक्ता समितिहरु नविकण गर्नको लागि खानेपानी जाँच गरेको ल्यावको रिपोर्ट अनिवार्य समावेश गरेको हुनु पर्दछ ।

३) नविकरण गर्दा प्रत्येक आ.व. समाप्त भएको ६ महिना भित्र गरिसक्नु पर्दछ ।

४) आ.व. समाप्त भएको ६ महिना भित्र नविकरण नगरेमा नियमानुसार विलम्ब दस्तुर लाग्नेछ ।

आज्ञाले,

टेक बहादुर वली

प्रमुख प्रशासकीय अधिकृत